समय र
# समाचार
Times &News राष्ट्रिय दैनिक

वर्ष २४ अंक ४२ २०७८ साल जेठ २८ गते शुक्रवार ( 11 Jun 2021 ) पृष्ठ संख्या ४ मुल्य रु १०


### सार्वजनिक सुचना

*महामारीको विषम परिस्थितिमा विविध समस्याका कारणले समय र समाचार राष्ट्रिय दैनिकको यो अंक २ पेज मात्र प्रकाशन गर्नुपर्दा ग्राहक वर्गमा पर्न गएको असुविधामा क्षमायाचना गरिन्छ ।*

*–प्रधान सम्पादक/प्रकाशक*

## गणेश पहाडी ओलीतिर फर्किए
# सिन्धुलीले पायो संघीय मन्त्री

*समाचार सम्वाददाता*

सिन्धुली/प्रधानमन्त्री केपी शर्मा ओलीले विस्तार गरेको मन्त्रिपरिषदका ८ जना सदस्यमध्ये एमालेबाट पूर्व माओवादी सहित ७ जना पर्दा माधव नेपाल समूहका एकजना गणेश पहाडी समेटिएका छन् ।

माधव नेपाल पक्षका सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्टलगायतका नेताहरुसँग संवाद भइरहे पनि मन्त्री बन्न नमानेपछि योगेश भट्टराई निकट पहाडीलाई सामान्य प्रशासन मन्त्री बनाइएको हो । सिन्धुलीबाट दुईपटक निर्वाचित भएका पहाडी प्रधानमन्त्रीलाई विश्वासको मत दिने बेला अनुपस्थित हुने २८ जनामा एक थिए । तर उनले शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन रिट निवेदन दिने बेला भने हस्ताक्षर गरेनन् । योगेश भट्टराई र पहाडीले संयुक्त रूपमा यसअघि एमाले महासचिव ईश्वर पोखरेललाई पनि भेटेर पार्टी एकताको पहल गर्न आग्रह गरेका थिए । माधव पक्षका गोकर्ण, योगेश गणेश पहाडी र पवित्रा निरौला खर ेलले हस्ताक्षर गरेका थिएनन् । प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्लाई पूर्णता दिएका छन्। सत्तारुढ नेकपा एमालेबाट ६ मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका ओलीले जनता समाजवादी पार्टी (जसपा) को महन्थ ठाकुर पक्षबाट एक मन्त्री बनाइएका छन् । यससँगै मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । २५ सदस्यीय मन्त्रिपरिषद्मा तीन उपप्रधानमन्त्री छन् भने १८ मन्त्री र तीन राज्यमन्त्री भए ।



नवनियुक्त मन्त्री र राज्यमन्त्रीले हिजो बिहीबार नै सपथ लिएका छन् । शीतल निवासमा आयोजित समारोहमा मन्त्रीहरुलाई राष्ट्रपति विद्यादेवी भण्डारी र र ाज्यमन्त्रीलाई प्रधानमन्त्री ओलीले सपथ दिलाएका हुन् । एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले खगराज अधिकारीलाई गृहमन्त्री नियुक्त गरेका छन् । विस्तारित मन्त्रिपरिदमा नैनकला थापा सञ्चार तथा प्रविधि मन्त्री , नादरमुनी रानालाई वनमन्त्री , गशेण पहाडी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री,मोहन वानियालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेर्ने गरी मन्त्री ,ज्वालाकुमारी साह कृषिमन्त्री,राजकिशोर यादव उद्योगमन्त्री ,आशा विक वनर ाज्यमन्त्री बनेकी छन् ।

## अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश

*समाचार सम्वाददाता*

*काठमाडौं/सर्वोच्च अदालतले नागरिकता अध्यादेश कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश दिएको छ ।*

*प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा, न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, हरि कृष्ण कार्की र ईश्वरप्रसाद खतिवडाको इजलासले उक्त अन्तरिम आदेश दिएको हो ।*

*सर्वोच्चले संघीय संसदबाट यदि पारित हुन नसकेमा अध्यादेश बमोजिम वितरित नागरिकताको प्रमाणपत्रमाथि कानुनी जटिलता उत्पन्न हुने भन्दै संघीय संसदबाट विधेयक पारित भई निर्माण भएको ऐनबाटै नागरिकता वितरणको व्यवस्था मिलाउन उपयुक्त हुने बताएको छ ।*

# उद्घाटन नहुदै भत्कियो लाखौंको संरचना

*समाचार सम्वाददाता*

सिन्धुली / कमलामाई नगरपालिका कार्यालयको आर्थिक लगानीमा हचुवाको भरमा ऐतिहासिक सिन्धुलीगढी प्रबेशद्वार सोलाभञ्ज्याङमा निर्माण गरिएको लाखौंको भौतिक संर चना प्रयोगमा नआउदै भत्किएको छ ।

कमलामाई नगरपालिका कार्यालयको सिन्धुलीगढी पुर्वाधार बिकास कार्यक्रम अन्तर्गत २०७७ असार ३० गते निर्माण कम्पनी त्रिवेणी लाफा कन्ट्रक्सन प्रालि कामनपा–१५ सँग कुल ९२ लाख ७८ हजार ७ सय ७९ मा सम्झौता भई ३ वटा ब्यापारिक सटर र ट्वाइलेट निर्माण गरिएको थियो । तर उक्त सटर र ट्वाइलेट कमलामाई नगर पालिकाले उद्घाटन गरी भाडामा लगाउन नपाउदै भत्किन पुगेको छ ।

कमलामाई नगरपालिका प्राविधिकले गुणस्तरिय संरचना निर्माणमा ध्यान नदिएको र ठेकेदार कम्पनीको लापरबाहिका कारण लाखौं खर्चिएको संरचना प्रयोगमा नआउदै भत्किन पुगेको देखिएको छ ।लाखौंमा निर्माण सम्पन्न भएको भनिएको संरचना भत्किएको विषयमा ठेकेदार कम्पनीले निर्माण सम्पन्न भएको बताएपनि ह्याण्ड ओभर नगरेकाले गुणास्तरयुक्त संरचना बनाउदा समेत नगर पालिकाले चासो नदिएको बुझिएको छ ।

ठेकेदारसँग नगरपालिकाले मोटो र कम हजाम गरेका कारण निर्माणाधिन संरचना भत्केको देखिन्छ । लाखौं रकम खर्चेर निर्माण गरिएको क्षेत्र कमजोर रहेको र गुणास्तरहिन संरचना बनाएका कारण प्रयोगमा नआउदै आगन र ट्वाइलेट समेत भत्किएको देखिन्छ ।

# गुण्डा नाइके लामा पक्राउ

*समाचार सम्वाददाता*



*सिन्धुली/सांसद दीपक मनाङेलाई भेट्न पोखरा गएका गुण्डा नाइके गणेश लामालाई सोधपुछका लागि भन्दै प्रहरीले पक्राउ गरेको छ ।*

*विपक्षीको पक्षमा मत हाल्न कन्भिन्स गर्न पोखरा आएका लामालाई लेकसाइडको एक होटलबाट प्रहरीले पक्राउ गरेको जनाईएको छ ।*

*पक्राउ परेका लामालाई इलाका प्रहरी कार्यालय बैदाममा सोधपुछका लागि ल्याइएको डिएसपी तथा प्रवक्ता सुवास हमालले जानकारी दिए । मनाङेले विपक्षीलाई साथ दिने घोषणा गर्दै सम्पर्कविहीन भएपछि लामा पनि पोखरा गएका थिए ।*

*मनाङे हिजो बिहीबार विश्वासको प्रस्तावमा मतदान गर्न अनुपस्थिथत रहेका थिए ।*

**समाज तथा घर घरबाट महिला बिरुद्ध हुने सबैखाले हिसा अन्त गरौं**

# सर्वोच्चले महाधिवेशन कमिटीलाइ मान्यता दिएन

*समाचार सम्वाददाता*

सिन्धुली/सर्वोच्च अदालतले नेकपा एमालेको दशौं महाधिवेशन आयोजक कमिटीलाई वैधानिकता दिन अस्वीकार गरेको छ ।

यससँगै एमाले, माधवकुमार नेपाल समूहले माग गर ` जस्तै २ जेठ २०७५ को अवस्थामा फर्किनुपर्ने भएको छ । प्रकाश ज्वाला सहित चार जनालाई कर्णाली प्रदेशसभा सदस्यबाट पदमुक्त गर्ने निर्णय विरुद्ध परेको रिटमा आन्तरिम आदेश दिंदै न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले एमालेको दशौं राष्ट्रिय महाधिवेशन आयोजक समितिलाई केन्द्रीय कमिटीको रुपमा बैधानिकता दिन अस्वीकार गरेको हो ।

सर्वोच्चको २३ फागुनको फैसला अनुसार पुनर्स्थापित एमालेका अध्यक्ष केपी शर्मा ओलीले २८ फागुनमा आफू पक्षीय नेताहरु मात्र बैठक राखेर महाधिवेशन आयोजक समिति बनाएका थिए । त्यसलाई ७ चैतमा बसेको ओली पक्षीय नेता केन्द्रीय सदस्यहरुको बैठकले त्यसलाई अनुमोदन गरेको थियो ।त्यही महाधिवेशन आयोजक समितिको १० वैशाखको बैठकले फ्लोर क्रस गर्ने कर्णालीका चार सांसद प्रकाश ज्वाला, नन्दसिंह बुढा, अमरबहादुर थापा र कुर्मराज शाहीलाई पदमुक्त गर्ने निर्णय गरेको थियो ।

राजनीतिक दल सम्बन्धी ऐनमा केन्द्रीय कमिटीबाट मात्र निस्कासन गर्न सक्ने व्यवस्था उल्लेख गर्दै अन्तरिम आदेशमा नेकपा एमालेको केन्द्रीय समितिको निर्णय हावाला दिएर निवेदकहरुसँग स्पष्टीकरण माग नगरेको र निवेदनहरुलाई कर्णाली प्रदेशसभा सदस्य र कर्णाली प्रदेश संसदीय दलको सदस्य पद समेतबाट निस्कासन गर्दा नेकपा एमालेको केन्द्रीय समितिबाट निर्णय भएको नदेखिई प्राकृतिक न्यायको सिद्धान्त र राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२(२)(३) को भावनाको प्रतिकुल देखिएको भन्दै कारबाहीको निर्णय कार्यान्वयन गर्न रोक लगाइएको छ ।

नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु:

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

राष्ट्रिय पुन:निर्माण प्राधिकरण
जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा) सिन्धुली

नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु:

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

राष्ट्रिय पुन:निर्माण प्राधिकरण
जिल्ला आयोजना कार्यान्वयन इकाई, सिन्धुली

नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु:

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

सुनकोशी–मरिण डाइभर्सन
बहुउद्देश्यीय आयोजना, फिल्ड सिन्धुली

## तीनपाटन गाउँपालिका
Tinpatan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
लाम्पनटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.स. :- ०७७।७८
च.नं. :- ८३९१

मिति :- २०७८।२।२७

विषय:- सूचना संशोधन गरिएको बारे ।

प्रस्तुत विषयमा दोस्रो पटक मिति २०७८।०२।२४ गते प्रकाशित शिलवन्दी दरभाउपत्र आह्वानको सूचनामा क्र.स. १ TRM/G/SQ/01/2077/078 अन्तर्गत ९७५२८२।४० (नौ लाख पचहत्तर हजार दुई सइ बयासी पैसा चालिस मात्र) लागत अनुमान उल्लेख भएकोमा थप परिमाणको पाईप खरिद गर्नुपर्ने भएकोले थप समेत गरी रु १६५५४७६।६० (सोह लाख पचपन्न हजार चार सय छ्यहत्तर पैसा साठी मात्र) कायम भएकोले सोही बमोजिम सूचना संसोधन गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारी गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## सूचना

*अपाङता भएका व्यक्तिका लागि समाजबाट बहिस्करण गरेर होइन समुदायमा नै बस्न र बाच्न पाउने अधिकारको रक्षार्थ स्वास्थ्य, शिक्षा, रोजगारी, जीवन निर्वाह, सामाजिकीकरण र सशक्तिकरणको अवधारणा बमोजिम ७७ वटै जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनमा रहेको जानकारी गराइन्छ ।*

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

*प्रस्तावित कमलामाई प्रकाशन प्रालिद्धारा प्रकाशित समय र समाचार दैनिकका निम्ति प्रधान सम्पादक/प्रकाशक:-शंकर सौगात, कार्यकारी सम्पादक-यसोदा राउत, व्यवस्थापक-सोनम कार्की, कार्यालय-रातमाटा, कमलामाई-६ सिन्धुली, फोन नं.- ०४७ –५२०३८२, मुद्रक - लालीगुरास अफसेट प्रेस सिन्धुली, नेपाल*